बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नुवाकोट

विदुर, नुवाकोट, नेपाल

प.स. ०८०/०८१

च.नं.

मितिः २०८०।०९।०२

**विषयः- हरित स्वंयमसेवक करार सेवामा लिने सम्बन्धी सुचना ।**

प्रथम पटक प्रकाशित मितिः- २०८०।०९।०२

आर्थिक वर्ष २०८०/०८१ को वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयको लागि हरित स्वंयमसेवक करारमा नियुक्ति गर्नु पर्ने भएकोले तपसिल अनुसारको इच्छुक नुवाकोट जिल्लावासीबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

१. **शैक्षिक तथा अन्य योग्यताः** सामान्य लेखपढ ।
   **उमेर-** १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको
   -शारीरिक तन्दुरुस्त भएको ।

२. **दरखास्त दिने स्थान र समयः** डिभिजन वन कार्यालय नुवाकोटमा कार्यालय समय भित्र ।

३. **कार्यक्षेत्रः** डिभिजन वन कार्यालय नुवाकोट अन्तर्गतको कार्यक्षेत्र ।

४. **माग भएको संख्याः** १० (दश) जना ।

५. **छनौट प्रक्रियाः** अन्तर्वार्ता

६. **सेवा सुविधाः** मासिक रु. २००००।-

७. **सेवा अवधिः** ५(पाँच) महिना **(माघ १५ गते देखि अषाढ १५ गतेसम्म)।**

८. **आवेदन फाराम साथ पेश गर्नु पर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र अन्य (तालिम लगायतका) कागजातहरूको प्रतिलिपि ।

९. प्रतिलिपिहरु आफैले प्रमाणित गरेको हुनु पर्नेछ ।

१०. अन्तर्वार्तामा आउँदा नागरिकता र शैक्षिक प्रमाणपत्रको सक्कल प्रमाण पत्र लिएर आउनु पर्नेछ ।

११. प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

१२. **गर्नुपर्ने कार्य तथा शर्तहरुः** छनौट भएको व्यक्तिले करार सम्झौतामा उल्लेख भए बमोजिमको कार्य र शर्तहरु बमोजिम ।

१३. **दरखास्त बुझाउने अन्तिम मितिः** २०८०।०९।२२ गते ।

१४. **अन्तिम नामावली प्रकाशनः** २०८०।०९।२३ गते ।

१५. **अन्तर्वाताः** अन्तिम नामावलीमा समावेश भएकाहरूलाई अन्तर्वाताको मिति तथा समयबारे कार्यालयबाट जानकारी दिइने छ ।

१६. **कार्यविवरणः** २४ सै घन्टा कार्यालयको सम्पर्क र नियन्त्रणमा रही वन डढेलो नियन्त्रण, वन संरक्षण तथा वृक्षारोपण जस्ता कार्यका लागि जुनसुकै समयमा कार्यालयले खटाइएको स्थानमा तुरुन्त जानु पर्नेछ साथै कार्यालयले खटाइएको अन्य कार्य समेत गर्नु पर्नेछ ।

१७. छनौट भएका व्यक्तिले बीचैमा छाडेमा वैकल्पिक उम्मेदवारलाई क्रमशः स्थान दिइनेछ ।

१८. छनौट भएका सबै हरित स्वयंसेवकहरूलाई हौसला प्रदान गर्न तथा जनधनको सुरक्षाको सुनिश्चितताको निम्ति बिमा गरिने छ भने वन डढेलो व्यवस्थापन सम्बन्धि तालिम प्रदान गरिने छ साथै आवश्यक फिल्ड गियर समेत कार्यालयबाट उपलब्ध गराइने छ ।

१९. आवेदनको फर्मेट कार्यालयबाट उपलब्ध गराइने छ ।

**थप जानकारीको लागि ०१-५६०००८, सुचना अधिकारीः ९८५१२१४८०७, योजना तथा वन व्यवस्थापन शाखाः ९८५११७७३४६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन वा कार्यालयको वेभसाईट (www.dfonuw.bagamati.gov.np) बाट जानकारी लिनु हुन अनुरोध छ।**

Scanned with CamScanner